स्थानीय सरकार प्रमुखको हैसियतले यस गरीमामय १७ औं नगर सभाको बैठकमा आ.ब. २०८२/०८३ बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरीरहँदा गौरवको अनुभूति गरेको छु ।सर्वप्रथम, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना, राष्ट्रिय गौरव, एकता र अखण्डताको लागि विभिन्न कालखण्डमा भएका जनआन्दोलन, जनक्रान्तिहरुमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने महान सहिदहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै घाईते, बेपत्ता र तिनका परिवारजन तथा आन्दोलन र संघर्षको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान सहित स्मरण गर्दछु ।

सार्वभौम जनताको प्रतिनिधि भई यस नगरपालिकालाई **"सुन्दर हरियाली र सफा सहर : समृद्ध र समुन्नत बाँसगढी नगर"** बनाउन स्थानीय सरकार दृढ छ ।सामाजिक न्याय सहितको सुशासन, विकास र समृद्धि हासिल गर्न, नगरवासीलाई हाम्रो इतिहास र स्वाभिमान, संघर्ष र बलिदान, परिवर्तन र उपलब्धी प्रति गौरव बोध गराउन, जनतामा थप आशा र भरोसा पैदा गर्न, सुशासन कायम गरी दण्डहिनता अन्त्य गर्न स्थानीय सरकार प्रतिवद्ध छ । नगरवासीका भावना तथा आवश्यकतालाई प्राथमिकताको आधारमा क्रमश: पूरा गर्दै अगाडी बढ्ने संकल्प सहित **"डिजिटल, समावेशी र समुन्नत बाँसगढी नगर"** का रुपमा विकास गर्न सचेत,

निष्ठावान र संस्कारयुक्त समाजको निर्माण तथा  साँस्कृतिक पुनर्जागरण गरी सामाजिक समृद्धिको जनआकांक्षा पूरा गर्न हरेक दिन प्रयासरत रहेको र आगामी दिनमा समेत नगरबासीको आवश्यकतालाई शिरोपर गर्दै लोकतान्त्रिक, पारदर्शी र जनउत्तरदायी सरकारको अनुभूति  दिलाउने प्रतिबद्धता व्यक्त गर्दछु ।

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानूनले प्रत्याभूत गरेका स्थानीय तहका एकल तथा साझा अधिकारको परिधिमा रही स्थानीय सरकारलाई जवाफदेही, पारदर्शी तथा जनमुखी बनाई दिगो तथा गुणस्तरीय पुर्वाधार विकास, उत्पादन तथा स्वरोजगारमुखी आर्थिक विकास, प्रभावकारी समाजिक विकास, शुसासन तथा संस्थागत विकास एमव् वन, वातावरण तथा विपद् ब्यवस्थापनलाई प्राथमिकतामा राखी आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम तयार गरिएको छ ।

**सभा सदस्यज्यूहरु,**

अब म आर्थिक बर्ष २०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

१. **'आफ्नै बारीको उत्पादन खाऔँ: आत्मनिर्भर बाँसगढी बनाऔँ'** लाई आत्मसाथ गरी कृषि उपजको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै खाद्य सुरक्षा, खाद्य सम्प्रभुता तथा पोषणको सुनिश्चितता गरिनेछ निर्वाहमुखी कृषिलाई आधुनिक र ब्यवसायिक बनाउँदै कृषि उपजमा आत्मनिर्भर बनाउन, यान्त्रिकीकरण, बाली विविधिकरण तथा बजारीकरणमार्फत् तुलनात्मक लाभ एवम् प्रतिष्पर्धात्मक क्षमताका बालीवस्तुको उत्पादनमा वृद्धि गर्ने नीति लिइनेछ । कृषि उपजको बजारिकरणको लागि हाट बजारलाई थप विस्तार तथा ब्यवस्थापन गरिनेछ ।

२. **"कृषिको उत्पादकत्व वृद्धि: बाँसगढीको समृद्धि"** भन्ने सोचलाई नगरबासीमा विस्तार गरी कृषि योग्य भूमिमा सिँचाइ सुविधा पु-याउने, माटोको जैविक गुणस्तरमा सुधार गर्ने, दिगो कृषि प्रणालीलाई प्रवर्द्धन गर्ने तथा सम्पूर्ण उत्पादनलाई प्राङ्गारिक रूपमा रूपान्तरण गर्दै **'प्राङ्गारिक उत्पादनमा बाँसगढी'** अभियानलाई सशक्त रूपमा अगाडि बढाइनेछ। →

३. **किसानको सम्मान : हाम्रो अभियान'** अन्तर्गत कृषि पेशालाई सम्मानित र मर्यादित पेशाको रूपमा विकास गरिनेछ ।नगर किसानहरुलाई Smart Agriculture Card र किसान डायरी मार्फत अभिलेखिकरण गरिनेछ । तरकारीमा आत्म निर्भर

बनाउन अर्गानिक तरकारी उत्पादनलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।च्याउ खेती गर्ने कृषकहरुलाई व्यावसायिक बनाउन आवश्यक बिउ, प्रविधि र बजारीकरणको सम्भावना खोजी गरिनेछ ।

४. **"उत्पादन साथमा, अनुदान हातमा→** भन्ने मान्यतामा उत्पादनको आधारमा अनुदान दिइने नीति अवलम्बन गरिनेछ । विपन्न वर्ग, मुक्त कमैया, मुक्त कमलरी, दलित, द्वन्द्वपिडित तथा पिछडि‍एका व्यक्तिहरुलाई खाद्यान्न तथा तरकारी बीउबिजनमा अनुदान प्रदान गरी व्य‍ावसायिक उत्पादन मार्फत स्वरोजगार‍ीको नीति अबलम्बन गरिनेछ ।

५. **“घरदैलोमा प्राविधिक सेवा: व्यावसायिक कृषिजन्य उत्पादनमा टेवा’’** भन्ने मान्यतालाई आत्मसात् गर्दै व्यावसायिक कृषकको फ‍ार्ममै पुगी घुम्ती प्राविधिक परामर्श तथा उपचार सहितको विशेषज्ञ सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।पशुपन्छी तथा कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न नश्ल सुधार, यान्त्रिकीकरण, आहार व्यवस्थापन, रोग निदान तथा उपचार सेवालाई विस्तार गर्दै लगिनेछ ।उत्पादन लागत

कम गर्न घाँसमा आधारित पशुपालन व्यवसायलाई प्रवर्द्धन गरी साइलेज निर्माणका लागि समेत पहल गरिनेछ ।

६. **पशु धन जोखिम मुक्त पालिका बनाउन** पशुपंक्षी विमा लगायत अन्य सुरक्षणका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।निशुल्क खोप सेवालाई विस्तार गरी पशुपंक्षि खोप सुनिश्चित पालिका घोषणा गर्ने नीति लिइनेछ ।

७. विपन्न वर्गका कृषकहरुको आयस्तर वृद्धि गर्न थोरै क्षेत्रफल तथा न्युन लगानीमा पाल्न सकिने पाडी, बाख्रा तथा बंगुरको पाठापाठी उपलब्ध गराईनेछ ।सुत्केरी गाई/भैसीलाई पोषण भत्ता उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

८. कृषकहरुको उत्पादन लागत घटाउन परम्परागत पशु पालन पद्धतीलाई रुपान्तरण गरी आधुनिक व्यावसायिक पशुपन्छी पालनका लागि आवश्यक भौतिक पुर्वाधार निर्माण, मेसिनरी औजार उपकरण प्रयोग, बाह्रै महिना हरियो घाँस उत्पादन गरी प्रतिइकाई उत्पादन लागत घटाई प्रतिस्पर्धी कार्यक्रम संचालन गरिनेछ ।संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा गाई, भैसी जोन र बाख्रा स्रोत केन्द्रको विकास गरिनेछ ।स्वच्छ मासु

उत्पादन तथा बजारिकरणका लागि आवश्यक ब्यवस्था गरिनेछ ।

९. सीपयूक्त दक्ष जनशक्ति तयार गर्न विभिन्न व्यावसायिक सीपमूलक तालिम सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ। उद्यमशिलता तथा रोजगारी सिर्जनाको लागि संघ, प्रदेश तथा अन्य साझेदारहरुसँगको सहकार्यमा वेरोजगार युवाहरुको लागि **सीपमूलक उद्यमशिलता विकास** कार्यक्रम संचालन गरिनेछ।

१०. एकिकृत श्रम तथा रोजगार सेवा संचालनका लागि स्थानीय रोजगार रणनितीलाई कार्यान्वयनयोग्य बनाई रोजगार संवाद मन्चको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ ।

११. बैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन अभिमूखिकरण कार्यलाई समुदाय स्तरसम्म बिस्तार गरिनेछ । बिदेशमा अलपत्र परेका श्रमिकको खोज, उद्धार, राहत तथा पुर्नस्थापनाको कार्यलाई शिघ्र समन्वयका माध्यमवाट प्रभावकारी बनाइनेछ ।

१२. वैदेशिक रोजगारीबाट फर्किएका **रिटर्नी युवा**को सीप, पुँजी र अनुभवलाई उपयोग गरी उत्पादनमुलक रोजगारीको आधारको रुपमा विकास गरिनेछ ।सीप विकास र प्रविधि हस्तानतरणलाई

कार्यसम्पादन र निरन्तरताको आधारमा प्रोत्साहनको नीति अवलम्वन गरिनेछ ।

१३. समान कामको समान ज्याला, कार्यस्थलको सुरक्षा, बिमा, बिदा, अतिरिक्त समय काम गरे वापतको पारिश्रमिक, हाजिरी कार्ड र श्रमिक कार्डको ब्यबस्थापन गरिनेछ ।नगरपालिकालाई बाल श्रम मुक्त पालिका घोषणा गरिनेछ ।

१४. **"श्रम संसार"** डिजिटल प्लेटफर्मको प्रभावकारी प्रयोग मार्फत रोजगारीको खोजीमा रहेका व्यक्ति, रोजगारदाताको सम्बन्ध सेतुको रुपमा विकास गरिनेछ । **श्रमको सम्मान, राष्ट्रको अभियान** कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१५. श्रम संस्कृतिको विकास गर्न स्थानीयवासी, कर्मचारी तथा जनप्रतिनिधीहरुको सहभागीतामा **"श्रमको सम्मान:मेरो पनि योगदान"** अभियान सन्चालन गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

१६. सहकारी संस्थाको संस्थागत क्षमता अभिवृद्धिका लागि नियमन, अनुगमन तथा प्रवर्धनको नीति लिईनेछ ।सहकारी तथा गरीवी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा सबै सहकारीहरुलाइ अनिवार्यरुपमा आवद्ध गराइनेछ ।

१७. सहकारी संस्थाहरुको आर्थिक पारदर्शीता, मितब्ययीता तथा वित्तीय जोखिम न्यूनिकरणका लागि पालिकामा सूचिकृत लेखापरिक्षकबाट लेखा परिक्षण गर्ने ब्यबस्था मिलाईने छ ।

१८. सहकार ी क्षेत्रलाई अर्थतन्त्रको संबाहकको रुपमा बिकास गरी उद्यमशिलता विकास, रोजगारी सिर्जना तथा गरिबी निवारणको रणनैतिक खम्बाको रुपमा परिचालन गरिनेछ ।

१९. सफल उद्यमीहरुलाई प्रोत्साहन तथा सम्मानको नीति लिईनेछ ।स्थानीय स्रोत साधनमा आधारित लघु साना तथा परम्परागत उद्यम तथा व्यवसायको संरक्षण र प्रर्वद्धनको कार्यक्रम सन्चालन गरिनेछ ।

२०. विभिन्न जाती, धर्म र समूदायको परम्परागत सीपलाई पुस्तान्तरण गरी आधुनिकीकरण र व्यावसायिकरण गर्दै लगिनेछ ।नगरपालिकाबाट हालसम्म प्रदान गरीएका विभिन्न सीपमूलक तालिम तथा अनुदान प्राप्त गरेका लाभग्राहीहरुको एकिकृत तथ्यांक प्रणालीमा अद्यावधिक तथा सार्वजनिक गर िनेछ ।

२१. सङ्घ, प्रदेश तथा गैरसरकारी सङ्घसंस्थासँग समन्वयमा १० बर्से रणनैतिक शिक्षा योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।अभिभावक, शिक्षक, बिद्यार्थी, विद्यालय

व्यवस्थापन समिती, शिक्षक अभिभावक संघ समेतलाई क्रियाशिल बनाई शैक्षिक गुणस्तर अभिबृद्धिमा परिचालन गरिनेछ।

२२. प्रारम्भिक तह देखि नै सिकाइलाई प्रभावकारी र बालमैत्री बनाइनेछ ।बाल विकास केन्द्रहरुलाई सिकाइ तथा मनोरम केन्द्रको रुपमा बिकास गरिनेछ ।बिद्यालय स्वास्थ्यकर्मी मार्फत स्वास्थ्य प्रवर्धन कार्यक्रम सन्चालन गरिनेछ ।

२३. निर्धारित मापदण्ड र निर्देशिका, विद्यार्थी सङ्ख्या र आवश्यकताका आधारमा शिक्षक दरबन्दी मिलान तथा विद्यालय मर्जर प्रक्रियालाई अगाडि बढाइनेछ । शिक्षण सुधार र क्षमता विकासका क्रियाकलाप संचालन गरिनेछ ।अङ्ग्रेजी माध्यमबाट कक्षा सञ्चालनलाई निरन्तरता र प्रोत्साहनको नीति लिइनेछ।

२४. अङ्ग्रेजी, गणित र विज्ञान जस्ता बिषयमा बिषयगत शिक्षकको ब्यबस्था, प्रविधि मैत्री शिक्षण सिकाइ सामाग्री ब्यबस्थापन, पठन संस्कृतिको विकास, प्रभावकारी निरीक्षण, अनुगमन र शिक्षक मेन्टरिङका माध्यमवाट माध्यमिक तहको शिक्षालाई थप नतिजामुखी, समसामयिक र प्रभावकारी बनाइनेछ ।नतिजाका आधारमा उत्कृष्ट शिक्षक र विद्यालयलाई

पुरस्कार र सम्मानको नीति लिइनेछ ।विद्यार्थी सङ्ख्या बढी भएका विद्यालयलाई सवारी साधन उपलब्ध गराउन संघ, प्रदेश तथा साझेदार निकायसंग समन्वय गरिनेछ ।

२५. कक्षा ११ र १२ तर्फ प्राविधिक धारमा अध्ययन गर्न विद्यार्थीलाई प्रोत्साहन गरिनेछ ।विज्ञान विषय सञ्चालनलाई प्राथमिकतामा राखी **जेहनदार विद्यार्थी छात्रवृत्ति र विद्यालय अनुदान**को ब्यबस्था गरिनेछ ।विपन्न, दलित, मुक्त कमैया, जनजाति, अपाङ्ग, लोपोन्मुख जाति, द्वन्द पिडित लगायत पिछाडिएको वर्गका बालबालिकालाई उच्च शिक्षा तर्फ आकर्षित गर्न र पठन पाठन निरन्तरताका लागि **पढ्दै कमाउदै कार्यक्रमलाई** निरन्तरता दिइनेछ ।नगर उच्च शिक्षा छात्रवृत्ती कार्यक्रम सञ्चालन गरी विज्ञान तथा प्राविधिक विषयमा उच्च शिक्षा अध्ययन गर्ने ब्यबस्था मिलाईनेछ । रोजगार उन्मुख बिषय छनौट गर्न बिद्यार्थीहरुलाई प्रदेश सरकार सँगको समन्वयमा बृत्ति परामर्श (career counseling) कार्यक्रम सन्चालन गरिनेछ ।

२६. सामुदायिक सिकाइ केन्द्रलाई सुदृढ गरी क्रमश: सवै वडामा बिस्तार गरिनेछ । वडा स्तरका विविध सूचना संकलन, FREE WIFI ZONE र निशुल्क तथा अनिवार्य आधारभुत शिक्षा

कार्यान्वयनमा विद्यालय वाहिर रहेका र नव साक्षरहरुको लागि अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गरी आय आर्जनमा जोड दिइनेछ।

२७. विद्यालयको जग्गा र सम्पत्तीको अभिलेख ब्यवस्थित गरिनेछ विद्यालयको सम्पतिवाट प्राप्त आयलाई पारदर्शी बनाई शैक्षिक गुणस्तर सुधारमा उपयोग गरिनेछ।हरित विद्यालय निर्माण र उत्पादनमूलक जग्गा उपयोग मार्फत विद्यार्थीमा कृषि र श्रमप्रति सम्मानको भावना जगाउन, जलवायु संवेदनशिल नागरिक तयार गर्न , प्लाष्टिकमुक्त बिद्यालय कायम गर्न, दिवा खाजामा अर्गानिक तथा स्थानीय खानाको उपयोग बढाउन, शिक्षक, अभिभावक र बिद्यार्थीहरुमा जागरण अभियान सन्चालन गरिनेछ ।

२८. संस्थागत विद्यालयको नियमन र अनुगमनलाई प्रभावकारी वनाइनेछ ।भौतिक पूर्वाधारमा भुकम्प प्रतिरोधी न्युनतम मापदण्ड कार्यान्वयन गर्ने, संस्थागत बिद्यालयका शिक्षकहरुलाई समेत सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने र छात्रवृत्तिलाई पारदर्शी बनाई लक्षित वर्गमा पुर्याउने नीति लिइनेछ ।

२९. वडा शिक्षा समितिलाई क्रियाशील बनाई अभिभावक शिक्षा सञ्चालन, बिद्यार्थीको कक्षाकोठाको सिकाइको निर्भरतालाई स्व-अध्ययन, सिकाइ चौतारीको प्रयोग र सहपाठी सिकाइ जस्ता अभ्यास र परीक्षा प्रणालीलाई पारदर्शी र प्रभावकारी बनाई आधारभूत तहको पूर्ण निशुल्क शिक्षालाई निरन्तरता दिदै कक्षा १० सम्म क्रमश: निशुल्क र गुणस्तरिय शिक्षा प्रदान गर्ने नीति लिइनेछ ।विद्यालय ब्यबस्थापनलाइ प्रभावकारी बनाउन प्रध्यानाध्यापक संगको कार्यसम्पादन करार सम्झौतालाई निरन्तरता दिईनेछ ।

३०. लुम्बिनी प्राविधिक विश्वविद्यालय (L.T.U.) को सहकार्यमा केन्द्रिय क्याम्पस सन्चालनको लागि आवश्यक प्रक्रिया अघि बढाइनेछ । यस पालिकामा संचालनमा रहेका बहुमुखी क्याम्पसहरुको थप शैक्षिक सुधार, ब्यवस्थान, अनुसन्धान र विकासका लागि समन्वय र सहकार्य गरिनेछ ।

३१. युवा तथा विद्यार्थीहरुको सर्वाङ्गिण विकासमा अतिरिक्त क्रियाकलाप तथा खेलकुदको विकास र प्रभावकारी समन्वयका लागि स्थापित नगर खेलकुद विकास समितिलाई थप क्रियासिल बनाउदै लगिनेछ ।युवाहरुको सिकाइ अभिबृद्धि र

दुर्व्यसनी न्युनिकरण गर्न अवसर र पुस्तकालय पहुँच बिस्तार गरिनेछ ।

३२. नगरस्तरीय खेलकूद मैदानलाई स्तरोन्नती गर्दै लगिनेछ । अन्य खेलकुद मैदानहरुको निर्माण तथा स्तरोन्नतिमा जोड दिइनेछ ।जिल्ला भित्रका पालिकाहरुको सहकार्यमा अन्तर पालिका खेलकुद प्रतियोगिता संचालन गरिनेछ ।संघ, प्रदेश र स्थानीय तहहरुको सहयोगमा राष्ट्रिय स्तरका प्रतियोगिताहरुको आयोजनाका लागि पहल गरिनेछ ।

३३. विभिन्न खेलका खेलाडीहरुको सीप, दक्षता र कौशल वृद्धि गर्न **खेलाडी विकास कार्यक्रम** संचालन गरिनेछ ।खेलाडीलाई प्रोत्साहको प्रोत्साहन गर्ने नीति लिइनेछ । सामाजिक परिचालनको माध्यमबाट युवाहरुको सचेतना, सीप र क्षमता विकास गरिनेछ ।

**३४.** परम्परागत, बहुसांस्कृतिक तथा बहुधार्मिक सहिष्णुता झल्काउने चाडपर्व, मेला र जात्राहरूलाई संरक्षण तथा प्रवर्धनको नीति लिइनेछ ।नगरभित्र रहेका प्राचीन मन्दिर, गुम्बा, मस्जिद, चर्च लगायतका धार्मिक तथा ऐतिहासिक सम्पदाहरूको संरक्षण, मर्मत तथा पुर्नस्थापनामा गरी लोपोन्मुख तथा अल्पसंख्यक जाती, थारु, मधेसी, दलित,

आदिवासी, जनजाति, मुस्लिम लगायतका समुदायको मौलिक, धार्मिक एवं सांस्कृतिक परम्पराहरूको अभिलेखिकरण गरिनेछ ।

३५. स्थानीय कला, संस्कृति, हस्तकला तथा परम्परागत पेशा ब्यवसाय प्रवर्द्धन तथा प्रोत्साहनको नीति लिइनेछ ।थारु, मगर लगायतको रैथाने खानाहरुको संरक्षण तथा प्रवर्धन गरिनेछ ।

३६. नैतिक शिक्षालाई स्थानीय पाठ्यक्रमका समावेश गरी नैतिकवान तथा सिर्जनशील नागरिक तयार गर्ने नीति लिइनेछ ।

३७. धार्मिक आस्थाका केन्द्र, पर्यटकिय क्षेत्र, तालतलैया, सिमसार क्षेत्रहरुको संरक्षण, विकास र प्रवर्द्धन गरी **'एक वडा : एक पर्यटकिय गन्तव्य'** को नीति लिइनेछ ।खुला ब्यायामशाला सहितको चिल्ड्रेन पार्क निर्माण गरिनेछ ।

३८. संस्कृति र पर्यटन प्रवर्द्धनका लागि संघ, प्रदेश तथा निजी क्षेत्रसँग सहकार्य गरी दीर्घकालीन योजना बनाइनेछ ।महिला, युवा, दलित तथा जनजातिलाई लक्षित गरी संस्कृति–पर्यटनमा आधारित रोजगारी सृजना गर्ने नीति लिइनेछ ।

**सभा सदस्यज्यूहरु,**

३९. संघ, प्रदेश र साझेदार संस्थाहरुको सहकार्यमा नगर अस्पताल सेवालाई नवनिर्मित आधुनिक भवनवाट संचालनमा ल्याइनेछ । आपूर्ति ब्यबस्थापनलाई "Push and Pull" प्रणालीवाट थप सुदृढ गरिनेछ ।एम्बुलेन्स संख्या बृद्धि गरी सुत्केरी महिला, ८० वर्ष माथिका जेष्ठ नागरिक, पूर्ण अपाङ्गता भएका व्यक्तिका लागि नगरक्षेत्र भित्र **निःशुल्क एम्बुलेन्स सेवा** संचालन गरिनेछ ।

४०. वडा नं. १, चेपाङ बर्थिङ सेन्टर बाहेक अन्य सबै वडामा रहेका बर्थिङ्ग सेन्टरहरुलाई एकीकृत गर्दै नगर अस्पतालबाट सुरक्षित मातृत्व सेवा प्रभावकारी रूपमा संचालन गरिनेछ ।गर्भवती महिलाका लागि गुणस्तरीय अल्ट्रासाउण्ड सेवा उपलब्ध गराइनेछ ।

४१. थारु समुदायमा देखिने सिकलसेल एनेमिया र थालमेसिया पहिचान, उपचार तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

४२. स्वास्थ्य संस्था सञ्चालक समितिहरुलाई थप क्रियाशिल बनाई स्वास्थ्य सेवाको गुणस्तर सुधार गरिनेछ ।जोखिमयुक्त बन्चित बर्गका लागि बिशेष स्वास्थ्य सेवा कार्यक्रम सन्चालन

गरिनेछ ।**नगरस्तरीय महामारी, रोग नियन्त्रण तथा विपद् व्यवस्थापन योजना** बनाई कार्यान्वयन गरिनेछ।

४३. स्वास्थ्यकर्मी, कर्मचारी तथा सामुदायिक महिला स्वास्थ्य स्वयमसेविकाका लागि प्रोत्साहन तथा क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।

४४. विद्यालय नियमित स्वास्थ्य परीक्षण, किशोर-किशोरी परामर्श सेवा तथा यौन प्रजनन स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाइनेछ ।संघीय सरकारसँगको साझेदारीमा उच्च रक्तचाप, मधुमेह, दम, क्यान्सर, मानसिक स्वास्थ्य जस्ता असाध्य रोग न्यूनिकरण अभियान संचालन गरिनेछ ।खोप कार्यक्रमलाई ब्यवस्थित र प्रभावकारी बनाउन कोल्डचेन ब्यवस्थापन, भण्डारण, खोप खेरजाने दरमा न्यूनिकरण गर्दै सबै बालबालिकालाई अनिवार्य खोप सुनिश्चितताको ब्यवस्था गरिनेछ ।

४५. खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धि (WASH) योजनालाई कार्यान्वयन गरिनेछ ।राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था र दातृ निकायसँगको सहकार्यमा आवश्यक पूर्वाधार, औषधी, उपकरण, जनशक्ति आदि व्यवस्थापन गरिनेछ ।।**"स्वच्छ भान्सा : स्वस्थ परिवार"** को परिकल्पना

अनुसार योग, ध्यान,प्राकृतिक चिकित्सा, स्वस्थ जीवनशैली र सकारात्मक चिन्तनधाराका माध्यमबाट स्वस्थ सामाजको निर्माण गर्न प्राकृतिक तथा बैकल्पिक चिकित्सा पद्धती अवलम्बन गरिनेछ ।

४६. संघ प्रदेश र साझेदार निकायको सहलगानीमा **एक घर: एक धाराको** नीति अनूरुप आगामी २ बर्ष भित्र सबै घरधुरीसम्म सुरक्षित खानेपानीको पहुँच बिस्तार गरिनेछ ।नियमन तथा ब्यबस्थापनमा एकरुपता कायम गर्न खानेपानी बोर्ड गठन गरिनेछ । खानेपानीको शुद्धता परिक्षण गर्ने अभियानलाई तीब्रता दिइनेछ ।

४७. पूर्ण स्वस्थकर ब्यवहार उन्मुख टोल घोषणा कार्यक्रमलाई निरन्तरता दिदै सामाजिक सुधारका सूचकहरु थप गरी पूर्ण स्वस्थकर पालिका घोषणा गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

४८. बालबिबाह अन्त्य, लागुऔषध दुर्व्यशनी तथा साइबर अपराध नियन्त्रण, आत्महत्या रोकथाम, लैङ्गिक तथा घरेलु हिंसा न्युनीकरण, सामाजिक विकृति विरुद्धको जनचेतना,

जातिय छुवाछुत लगायत सबै प्रकारका विभेद विरुद्धका एकिकृत विशेष अभियान संचालन गरिनेछ ।

४९. **“सबैका लागि समान अवसर: समावेशी बाँसगढीको आधार←→** को मान्यता अनुरुप लैङ्गिक समानता तथा सामाजिक समावेसिकरणको नीति अबलम्बन गरिने छ ।

५०. अपाङ्गता भएका व्यक्तिहरुका लागि आवश्यक सहायक सामाग्री नि:शुल्क वितरण गरिनेछ ।सीप विकास, आयआर्जन तथा नेतृत्व विकास कार्यक्रम संचालन गरिनेछ ।लक्षित वर्गको तथ्याकं संकलन अद्यावधिक गरी लैङ्गिक हिंसा निवारण कोष, बालसंरक्षण कोष मार्फत हिंसापिडित महिला र बालबालिकालाई राहत उपलब्ध गराइनेछ ।

५१. बिशेष संरक्षणको आवश्यकता भएका, अभिभावक विहिन बालबालिका, असहाय, सहयोगापेक्षी, विपन्न, जेष्ठ तथा अशक्त नागरिकलाई संरक्षण तथा सहायताको नीति लिइनेछ ।**एक छोरी एक बैंङ्क खाता कार्यक्र**मलाई निरन्तरता दिइनेछ ।

५२. संघ, प्रदेश, संघसंस्था तथा सरोकारवालाहरुको को सहकार्यमा **बालमैत्री नगर**को अवधारणालाई अभियानकै रुपमा तिब्रता दिइनेछ ।जेष्ठ नागरिकहरुको सम्मान तथा जेष्ठ

नागरिकको ज्ञान, सीप र अनुभव हस्तान्तरण गर्न जेष्ठ नागरिक मिलन केन्द्रहरुलाई क्रियाशिल बनाइनेछ ।

**सभा सदस्यज्यूहरु,**

५३. योजनाबद्ध बिकासको नीति अनुरुप पन्चबर्षीय आवधिक योजना र नगर यातायात गूरु योजना  निर्माण तथा अद्याबधिक गरी मध्यमकालिन खर्च संरचना तथा आयोजना बैंकको स्थापना मार्फत सन्तुलित बिकासको नीति अबलम्बन गरिनेछ ।

५४. आयोजना संचालन गर्दा आवश्यकता अनुसार संक्षिप्त वातावरणीय अध्ययन (BES), प्रारम्भिक वातावरणीय मूल्यांकन (IEE), वातावरणीय प्रभाव मूल्यांकन (EIA), विस्तृत आयोजना प्रतिवेदन (DPR) र  सम्भाव्यता अध्ययन जस्ता आवश्यक तयारी तथा पक्रिया पुरा गरी आयोजना संचालन गर्ने नीति अवलम्बन गरिनेछ  ।

५५. **भूकम्प प्रतिरोधी संरचना : सुरक्षित जीवनको रचना** को अभिप्राय अनुरुप राष्ट्रिय भवन निर्माण संहिता र भवन निर्माण मापदण्डको प्रभावकारी कार्यान्वयन गरी भूकम्प प्रतिरोधी संरचना निर्माणमा जोड दिईनेछ । निर्माण कार्यमा संलग्न

मजदुरहरुका लागि डकर्मी तालिम तथा सचेतनामूलक कार्यक्रमलाई सरोकारवाल ा बिच विस्तार गरी नयाँ बन्ने भवनहरुको नक्सा पास प्रक्रियालाई अनिवार्य गरिनेछ ।

९६. **"विकासमा गरौं साझेदारी: आयोजना बन्छ प्रभावकारी"**को अवधारणा अनुरुप सार्वजनिक नीजि साझेदारीको नीति लागु गरी संघ, प्रदेश, विकास सझेदार तथा निजी क्षेत्र समेतको समन्वय र साझेदारीमा ठूला विकास आयोजना तथा कार्यक्रमहरु संचालन गरिनेछ ।सार्वजनिक पूर्वाधार निर्माण गर्दा विपद् जोखिम संवेदनशिल, अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिकमैत्री वनाईनेछ ।

९७. सामाजिक - आर्थिक विकासमा टेवा पुग्ने, छिटो प्रतिफल दिने तथा आम नागरिकको जनजिविकालाई सहयोग पुग्ने गरी आवश्यकतामा आधारित भौतिक पूर्वाधार आयोजना छनोटमा जोड दिईनेछ ।टुक्रे आयोजना र अनुत्पादक क्षेत्रको लगानी निरुत्साहित गर्ने नीति लिईनेछ ।

९८. निर्मित संरचनाको दिगोपना र लागत न्यूनिकरणका लागि मर्मतसम्भार कोषलाई परिचालन गरिनेछ ।

९९. विकास निर्माणका आयोजना संचालन गर्दा कार्यान्वयन स्थलमा सिर्जना हुने विवाद, अवरोध र द्वन्द्व न्यूनिकरण गर्दै

तोकिएको परिमाण र गुणस्तर तथा निर्धारित समयमा न्यून लागतमा आयोजना सम्पन्न गर्न अनुगमन तथा मूल्यांकन प्रणालीलाई मापनयोग्य सूचकमा आधारित बनाई सघन र संयुक्त अनुगमन प्रद्धती अबलम्बन गरिनेछ ।अनुगमन लाई थप प्रभावकारी बनाउन वडा समितिलाई समेत अधिकार प्रत्यायोजन गरिनेछ ।

६०. **"विकासको आधार: पूर्वाधारको लागि सडक विस्तार"**का लागि नगरपालिका केन्द्र तथा वडा जोड्ने रणनैतिक सडकहरुको स्तरोन्नति र कालोपत्रे गर्ने **एक वडा : एक गौरवको आयोजना पूर्वाधार विकास कार्यक्रम** कार्यान्वयनमा ल्याइनेछ ।

६१. बबई सिंचाई आयोजनाबाट सिंचित हुन नसकेका पुर्व -पश्चिम राजमार्ग देखि उत्तर तर्फका क्षेत्रमा वृहत विद्युतिकरण सहितको भूमिगत सिंचाई आयोजनालाई संघ तथा प्रदेश सरकारको साझेदारीमा संचालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६२. वडास्तरीय हरित स्वयंसेवक समूह गठन गरी जलवायु अनुकुलन तथा जैविक विविधता संरक्षणका कार्यक्रम मार्फत

खुला तथा हरियाली क्षेत्र विकास र वृहत वृक्षारोपन तथा संरक्षणका अभियान संचालन गरिनेछ ।

६३. जल उत्पन्न प्रकोप मुल्यांकन तथा जोखिम सिमाङ्कन गरी नदी कटान नियन्त्रण तथा उकास जग्गा संरक्षण गरिनेछ ।

६४. छाडिएका चौपाया व्यवस्थापन गर्न संचालित गौशालालाई बहु आयामिक आर्थिक तथा सांस्कृतिक पर्यटन केन्द्रको रुपमा विकास गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

६५. **सुन्दर हरियाली र सफा सहर : समृद्ध र समुन्नत बाँसगढी नगर→** भन्ने मुल मर्मका साथ हरित वाँसगढी निर्माण गर्न वृहत वृक्षारोपण अभियान संचालन गरिनेछ ।

६६. संचालनमा रहेको फोहोर ब्यवस्थापन तथा स्रोत केन्द्रलाई व्यवस्थित वनाउदै नीजि क्षेत्र, सामुदायिक तथा गैरसरकारी संघसंस्थासंगको साझेदीमा नगर सरसफाई अभियान संचालनमा ल्याई **शुन्य फोहोर व्यवस्थापन (Zero Waste Landfill) अवधारणा**लाई क्रमश: कार्यान्वयन गर्दै लगिनेछ ।

६७. बिपद् पूर्व तयारीका क्रियाकलाप संचालन गर्दै विपद् प्रतिकार्य योजना, विपद् पोर्टल संचालन तथा अध्यावधिक गरी

सोको प्रभावकारी कार्यान्वयन गरिनेछ ।स्थानीय तथा वडा स्तरीय विपद् ब्यवस्थापन समितिलाई क्रियाशिल बनाइनेछ ।

६८. **एक सामुदायिक वन, एक पानी पोखरी तथा उद्यान** अभियान सञ्चालनवाट पर्यापर्यटनमा टेवा पुर्याई जैविक विविधता संरक्षण गरिनेछ ।वनको दिगो व्यवस्थापन र उपयोगको नीति लिइनेछ ।

६९. **"समृद्धिका लागि वन→** परियोजनालाई संघ तथा प्रदेश सरकारको साझेदारीमा प्रभावकारी रुपमा कार्यान्वयन गर्दै वन पैदावार, जडीवुटी तथा फलफुलको व्यावसायिक खेत ी गरी आर्थिक आय आर्जनको स्रोतकोरुपमा विकास गरिनेछ ।

७०. **"दिगो वातावरण मैत्री विकासको कल्पनाः बाँसगढी वासीको चाहना→** भन्ने भावना अनुरुप वातावरण मैत्री स्थानीय शासन को अवधारणा लाग ू गर्दै लगिनेछ ।

**सभा सदस्यज्यूहरु,**

७१. सेवा प्रवाहलाई पारदर्शी, मितव्ययी, गुणस्तरीय एवम् सूचना प्रविधिमैत्री बनाउन क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।तथ्याङ्क विश्लेषणवाट प्राप्त तथ्य र पृष्ठपोषण नीति, योजना तथा कार्यक्रम तर्जुमाको आधार लिइने छ ।

७२. कर्मचारीको कार्यसम्पादन, कार्यालयमा हुने उपस्थिति, अनुशासन तथा समयपालनालाई कार्यसम्पादन सूचकसँग जोडी मापनयोग्य सूचकमा आधारित पुरस्कार तथा प्रोत्साहनको नीति लिईनेछ ।

७३. संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) प्रतिवेदन बमोजिम आवश्यक जनशक्ति पदपूर्ति तथा व्यवस्थापन मिलाईनेछ ।

७४. लेखापरीक्षणबाट देखिएका बेरुजुको समयमै फर्छ्यौट गर्न आन्तरिक नियन्त्रण प्रणाली को विकास गरी **शुन्य बेरुजुको** नीति अबलम्बन गरिनेछ ।

७५. सुशासन तथा दिगो विकासलाई आत्मसात गर्दै यस कार्यालय र अन्तर्गतका कार्यालयबाट हुने सेवाप्रवाहलाई छिटोछरितो र पारदर्शी बनाउन **सेवा प्रवाह मापदण्ड** लागु गरी **भ्रष्टाचारमा शुन्य सहनशिलताको** नीति लिइनेछ ।

७६. नीति, कानून, मापदण्ड र निर्णयको कार्यान्वयन, सम्पत्तिको सुरक्षा र संरक्षण, स्थानीयस्तरमा हुने सभा समारोह, मेला, जात्रा, चाडपर्वको सुरक्षा, बजार तथा पार्किङस्थलको रेखदेख, नगर सरसफाईको मापदण्ड कार्यान्वयन, ऐलानी पर्ति जग्गा संरक्षण तथा विपद्

ब्यवस्थापन लगायतका कार्य गर्न संविधानले प्रत्याभूत गरेको अधिकार कार्यान्वयनका लागि **नगर प्रहरी** गठन, संचालन तथा ब्यवस्थापन गरिनेछ ।

७७. सबैका लागि सामाजिक सुरक्षा प्रदान गर्नुका साथै योगदानमा आधारित सामाजिक सुरक्षाको संवैधानिक हक कार्यान्वयनका लागि स्थानीय संचित कोषबाट पारिश्रमिक पाउने (प्रचलित कानून बमोजिम निवृतभरण पाउने बाहेक) ब्यक्तिलाई **सामाजिक सुरक्षा कोषमा** आबद्ध गरिनेछ ।

७८. **डिजिटल बाँसगढी** बनाउन सेवा प्रवाहलाई एकीकृत प्रणालीसँग आबद्ध गरी **एकीकृत मोबाइल एप** सञ्चालन, सूचना प्रविधि सम्बन्धी क्षमता विकास तथा **डिजिटल साक्षरता** अभियानको नीति लिइनेछ ।डिजिटल सेवा प्रवाहलाई राष्ट्रिय परिचयपत्रसँग आबद्ध गरी सरल, छरितो र विश्वसनीय बनाइनेछ ।

७९. टोकन प्रणाली, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, नागरिक वडापत्र, सूचना पाटी, सामाजिक सञ्जाल लगायतका माध्यमबाट सेवा प्रवाहलाई पारदर्शी र उत्तरदायी बनाइनेछ । गुनासो व्यवस्थापन लगायत स्थानीय सरकार र

जनताबिचको सुमधुर सम्बन्धका लागि **जनतासँग जनप्रतिनिधी** कार्यक्रम संचालन गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

८०. न्यायिक समितिको प्रभावकारी कार्यसम्पादनका लागि क्षमता विकास, मेलमिलाप केन्द्रहरुको स्थापना तथा संचालन को नीति लिइनेछ ।

८१. कानून र मानव अधिकार प्रतिको संवेदनशीलतालाई आत्मसात गरी पीडितको खोज, उद्धार, राहत, पुर्नस्थापना र संरक्षणमा नगर प्रहरी, प्रहरी प्रशासन र सरोकारवालाहरु बिच समन्वय एवम् सहकार्यको नीति लिइनेछ ।

८२. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अब्यबस्थित बसोबासीले भोगचलन गरिआएको जग्गाको नापी कार्य सम्पन्न गरी जग्गाधनी पुर्जा वितरण गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

८३. नगरभित्र संचालित अटो रिक्सा, ई-रिक्सालाई नियमनको दायरामा ल्याई रुटपरमिट तथा भाडादरमा एकरुपता कायम गरिनेछ ।पार्किङ ब्यस्थापन गरी चालकहरुका लागि ट्राफिक सचेतनाका कार्यक्रम संचालन गरिनेछ ।

८४. सडक दुर्घटना न्यूनीकरण र अपराध नियन्त्रण गर्न बाँसगढी क्षेत्रका राजमार्ग तथा मुख्य चोकहरुमा आवश्यकता अनुसार सि सि क्यामरा जडान गरिनेछ ।ब्यवस्थित बस पार्क निर्माणको लागि प्रक्रिया अगाडि बढाइनेछ ।

८५. आपसी सम्बन्ध सुमधुर बनाउन, असल अभ्यास तथा अनुभव आदान प्रदान गर्न स्वदेशी तथा बिदेशी सहरहरुसँग भगिनी सम्बन्ध कायम गर्न पहल गरिनेछ ।

८६. नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई प्राप्त राजश्व सम्बन्धी अधिकारको प्रयोग गर्दै आर्थिक रुपमा समृद्ध एवम् आत्मनिर्भर बनाउन राजश्वका सबै संभावना र क्षेत्रहरुको खोजी गरी करकादरहरुलाई बैज्ञानिक र न्यायिक बनाउदै दायरा विस्तार मार्फत प्रगतिशिल कर प्रणाली अवलम्वन गरिनेछ ।

८७. अपाङ्गता भएका व्यक्तिहरु, अल्पसंख्यक, लोपोन्मुख तथा एकल/विधवा महिलाहरुलाई जुनसुकै प्रकारको व्यवसाय सञ्चालन गर्दा शुरुको ब्यवसाय दर्ता शुल्कमा सहुलियतको नीति लिइनेछ ।

८८. राजश्व प्रशासन लाई समयानुकुल सुधार गरी प्रभावकारिता ल्याईनेछ ।राजश्व प्रशासनको क्षमता अभिवृद्धि गर ी अनुगमन

तथा नियमनलाई तीव्रता दिइ राजश्व चुहावट नियन्त्रण गरिनेछ ।

८९. **"हाम्रो कर हाम्रै लागि"** भन्ने अभियानका साथ निजी क्षेत्रसँगको सहकार्यमा ब्यवसाय घुम्ति सेवा तथा करदाता शिक्षा अभियान सञ्चालनमा ल्याइनेछ ।व्यावसायिक वीमा तथा व्यवसाय प्रोत्साहनको नीति अवलम्बन गरिनेछ । उद्योग बाणिज्य संघको सहकार्यमा **कोशेली घर** संचालन तथा ब्यवस्थापन गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

प्रस्तुत नीति तथा कार्यक्रमले विकासका प्राथामिकता र बजेट तर्जुमाका आधार तय गरेको छ ।नीति तथा कार्यक्रम तर्जुमा गर्न प्रत्यक्ष रुपमा सहयोग गर्नुहुने नगर उप-प्रमुखज्यू, कार्यपालिका सदस्य तथा जनप्रतिनिधीज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु, विभिन्न राजनैतिक दलका नेताहरु, साझेदार संघसंस्थाहरु, नीजि क्षेत्र, नागरिक समाज, संचारकर्मी तथा नगरबासीहरुबाट प्राप्त सुझाव र सहयोगका लागि हृदयदेखि धन्यवाद दिन्छु ।यसै गरी यस नीति तथा कार्यक्रमको

कार्यान्वयनमा समेत यहाँहरुको सक्रिय सहभागिता र रचनात्मक सुझाव प्राप्त हुने विश्वास ब्यक्त गर्दछु ।

**धन्यवाद !**

.....................................

**खड्क बहादुर खड्का**
**नगर प्रमुख**
**२०८२ असार ५ गते**

[www.bansgadhimun.gov.np](http://www.bansgadhimun.gov.np)

[www.digital.bansgadhimun.gov.np](http://www.digital.bansgadhimun.gov.np)